# जनगणना ऐन, २००९

## प्रस्तावना

जनगणना गर्ने कामको निमित्त केही कानूनहरू बनाउन आवश्यक (तथा वाञ्छनीय) भएकोले देहायका अधिनियमहरू बनाइएका छन्-

१. यस ऐनको नाम "जनगणना ऐन, २००९" हुनेछ ।

२. सरकारले आवश्यक तथा अनुकूल ठहऱ्याएको पक्षमा देशभरी अथवा देशको कुनै भागमा, जनगणना गर्ने इरादा गजेटमा प्रकाशित गर्न सक्नेछ, अनि जनगणनाको काम प्रारम्भ गरिनेछ ।

३. (क) जनगणनाको सम्पूर्ण कामको देखरेख त्यस कामका लागि तालुक मन्त्रालयबाट नियुक्त गरिएको पदाधिकारीले गर्नेछ ।

(ख) जनगणनाको लागि बाँडिएका प्रत्येक इलाकाको जनगणनाको काम त्यस इलाकाको निमित्त खटिगएका पदाधिकारीले गर्नेछ, र प्रत्येक पदाधिकारीलाई आफ्नो काममा सहायता गर्नका लागि एउटा सहायक पदाधिकारी रहनेछ ।

(ग) इलाकाभित्रको प्रत्येक क्षेत्रमा हुने जनगणनाको देखरेख त्यस क्षेत्रको निमित्त नियुक्त निरीक्षकले गर्नेछ ।

नेपाल कानून आयोग

४. जनगणनाको प्रत्येक पदाधिकारी र सहायक पदाधिकारी र निरीक्षकले आफ्नो वा क्षेत्रभित्रको जम्मैः-

(क) थरी, मुखिया, पटवाली र जिम्मावाल

(ख) जमिनदार र रैती

(ग) स्थानिय पंचायतका मेम्बरहरू

(घ) मील, फ्याक्ट्री, कारखाना, होटल, पाठशाला इत्यादिका कर्मचारीहरूलाई जनगणना गर्ने कामको सम्बन्धमा लिखित आदेश दिन सक्ने छ र उपरोक्त व्यक्तिहरूले यस्तो आदेशलाई मानी जनगणनाको काममा चाहिएको सहयोग दिनुपर्नेछ ।

५. प्रत्येक क्षेत्रको वास्तविक जनगणना गर्ने मानिसहरूको नियुक्ति त्यस क्षेत्रका निरीक्षकले गर्ने छ र यसरी नियुक्त गरिएका व्यक्तिहरूलाई गणक भनिनेछ ।

६. (क) प्रत्येक जनगणनाको अफिसरले आफ्नो कार्य क्षेत्रभित्र परेका मानिसहरूसँग जनगणनाको निम्ति आवश्यक प्रश्नहरू सोध्न सक्नेछ। यस्ता प्रश्नहरुको सूची सरकारले गजेटमा प्रकाशित गर्नेछ ।

नेपाल कानून आयोग

(ख) प्रत्येक व्यक्तिले जोसँग यस्ता प्रश्नहरू सोधिनेछन्, प्रत्येक प्रश्नको आफूले जानेसम्म साँचो जवाफ दिनुपर्छ । तर कुनै व्यक्तिलाई आफ्नी स्वास्नीको अथवा लोग्नेको अथवा नाम लिन नहुने कुनै व्यक्तिको नाउँ भन्न कर लाग्ने छैन । लेख्न जान्नेले लेखेर दिए हुन्छ ।

७. (क) जनगणना गर्दा प्राप्त भएका समाचार, कुनै अन्य काममा प्रयोग गरिनेछैन । जनगणनाका कर्मचारीहरूबाहेक कुनै व्यक्तिले पनि जनगणनाको सूची, लगत अथवा रजिष्टर हेर्न पाउनेछैन ।

(ख) जनगणना सूची लगत अथवा रजिष्टरमा लेखिएको कुनै कुरा पनि, यस ऐनको अन्तर्गत चलाइएको मुद्दाबाहेक अरू मुद्दाहरूमा कुनै अदालतको समक्ष पनि सबूतकोरूपमा पेश गर्न सकिनेछैन ।

८. (क) प्रत्येक गणक या कुनै अन्य व्यक्ति जो कि यस ऐनबमोजिम दिइएको कुनै आदेश पालन गर्न इन्कार गर्छ अथवा आदेश पालन गर्दा चाहिने सावधानी अथवा तत्परता देखाउँदैन भने या

(ख) कुनै गणक यदि जानी-जानीकन पनि अनुचित अथवा आपतिजनक प्रश्नहरू सोध्दछ, या जानी-जानीकन पनि गलत उत्तर लेख्दछ भने

या जनगणना गर्दा प्राप्त भएको समाचारलाई सरकारको अनुमतिबिना प्रकाश गर्दछ भने, या

(ग) जनगणनाको कुनै कर्मचारीले, यदि जनगणनाको कुनै कागजपत्रलाई नाश गरिदिन्छ, गायव गरिदिन्छ अथवा कुनै किसिमले हानि पुऱ्याउँछ भने अथवा जनगणनाको कागजपत्रलाई यसप्रकारसँग प्रयोग गर्दछ जसले गर्दा गलत फल निस्कने सम्भावना हुन्छ भने, या

(घ) यस ऐनको दफा ६ द्वारा उत्तर दिन कर लाग्ने प्रश्नहरूको उत्तर यदि कुनै व्यक्तिले दिन इन्कार गर्दछ भने अथवा आफूले जानेसम्म साँचो जवाफ दिंदैन भने, या

(ङ) कुनै व्यक्ति यदि गैरकानूनी तरिकाबाट जनगणना अफिसरमा प्रवेश गर्दछ भने २०० रूपैयाँसम्मको जरिवानाको भागी हुनेछ र माथि उपदफा (ख) र (ग) बमोजिम दोषी भएमा १ महिनासम्मको कैदको समेत पनि भागी हुनेछ ।

नेपाल कानून आयोग

९ (क) यदि कुनै व्यक्ति जनतालाई जनगणनाको काममा सहयोग नदिनू भन्नेमा प्रचार गरेर अथवा अन्य कुनै प्रकारले जनगणनाको काममा बाधा दिन्छ, या

(ख) यदि आफ्नो क्षेत्रभित्र, जनगणना गर्ने विषयमा दिइएका आदेश पालन गर्नमा यदि कुनै निरीक्षक आवश्यक तत्परता देखाउँदैन अथवा असावधानी देखाउँछ भने, ४०० रूपैयाँसम्मको जरिवाना अथवा २ महिनासम्मको कैद अथवा दुबैको भागी हुनेछ ।

१०. सरकारले आवश्यक परेमा, यस ऐनको उद्देश्य पूरा गर्नको निमित्त चाहिने नियमहरु बनाउन सक्नेछ ।

---

साभारः अधिवक्ता सुधानाथ पन्त, नेपालको कानूनी व्यवस्था र प्रजातन्त्रको विकासको दर्पण, जुरिष्ट एण्ड कम्पनी (प्रा.) लि, बागबजार, काठमाण्डौ, प्रथम संस्करण, २०६३

नेपाल कानून आयोग